# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर-प्रवासी नेपाली संघ भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग भारतस्थित प्रवासी नेपाली संघको एक प्रतिनिधि मण्डलले पुस ९ गते भेट गर्‍यो । संघका अध्यक्ष लोकनाथ भण्डारीको नेतृत्वमा आएको सो प्रतिनिधि मण्डलले नेपालमा भा. रु. १०००।- र ५००।- दरका नोट कारोवारका लागि प्रतिबन्धित भएका कारण सर्बसाधारण नेपाली सीमा क्षेत्रमा ठगिने र असुरक्षित बन्दै गएको, भारतीय बैंकहरुमा खाता खोल्नका साथै प्रवासी नेपालीहरुले भारतमा प्राप्त गर्ने पेन्सन नेपाल पठाउन विभिन्न कारणले समस्या परेको लगायतका विषयमा ध्यानाकर्षण सहित जानकारी गराएको थियो ।

भेटवार्ताको क्रममा गभर्नर खतिवडाले अन्य मुलुकबाट नेपालमा औपचारिक माध्यमबाट विप्रेषण पठाउने कुरा हामी सबैको चासोको विषय भएको र सो संघले समेत यो विषय उठाएकामा धन्यवाद ज्ञापन गर्नुहँदै भारत भ्रमणमा जाँदा परिचयपत्र बोकेर जाने गरेमा यी समस्या धेरै हदसम्म हल हुने धारणा राख्नुभएको थियो । भारतीय पक्षको उच्च सतर्कता र नीतिगत व्यवस्थाका कारण नेपालमा भा. रु. १०००।- र ५००।- दरका नोट कारोवारका लागि प्रतिबन्धित गरिएको र यसको जानकारीका लागि थप प्रभावकारी बनाउन स्थानीय भाषामा रेडियोहरूबाट समेत प्रचारप्रसार गर्न लागिएको जानकारी दिनुहुँदै उहाँले सुरक्षित रुपमा विप्रेषण गन्तव्यमा पुर्‍याउन गाउँगाउँमा विप्रेणण सञ्जाल हुनुपर्ने र यसका लागि नीतिगत र संस्थागत प्रयास भइरहेको स्पष्ट पार्नुभयो । उहाँले भारतमा भन्दा नेपालमा तुलनात्मक रूपमा व्याजदर बढी भएकाले सोको जानकारी संघका तर्फबाट प्रवासी नेपालीहरुलाई दिनुपर्ने र सुरक्षित आवतजावत तथा कारोवारका लागि जनचेतना जगाउने प्रयास गर्न आग्रह समेत गर्नुभएको थियो ।

## रेमिटर्स संस्थाहरुसँग वार्ता

सोही सन्दर्भमा नेपाल राष्ट्र बैंकको अग्रसरतामा एभरेष्ट बैंक लिमिटेड, नेपाल एस. वि. आई बैंक लि., आईएमइ र प्रभु मनी ट्रान्सफर.लगायतका प्रतिनिधिहरूसँग गभर्नर डा. खतिवडाको उपस्थितिमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो क्रममा प्रवासी नेपाली संघद्वारा उठाइएका पूर्वोक्त समस्याहरूको समाधान गर्न अवलम्बन गर्नुपर्ने नीतिगत र प्रक्रियागत विषयमा विस्तृत छलफल भएको थियो । साथै Indo-Nepal Remittance Model मा रकम ट्रान्सफर गर्दा लाग्ने कमिसनको दर न्यून रहेकाले पुनरावलोकन गर्नु पर्ने सुझाव पनि दिइएको थियो ।

भेटमा गभर्नर खतिवडाले सर्वसाधारण जनसमुदायमा बैंकिङ प्रक्रिया सम्बन्धी ज्ञानको अभाव हुन सक्ने भएकाले रकम ट्रान्सफरको कार्यमा संलग्न बैंक तथा वित्तीय संस्थाहरुले संस्थागत माध्यमबाट विप्रेषण कारोवार गर्न प्रोत्साहित गर्न सुझाव दिनु भयो । साथै, उहाँले भारतबाट नेपाल फर्कने नेपालीहरूले ठूलो रकम साथमा लिएर हिँड्दा असुरक्षित हुन सक्ने कुरालाई दृष्टिगत गरी रकम ट्रान्सफरको कार्यलाई अझ बढी सरल बनाई संस्थागत माध्यमतर्फ आकर्षित गर्नु सरोकारवालाको सक्रियताका लागि आग्रह गर्नुभएको थियो ।

२०६९ पुस १८ गते, बुधबार

गभर्नरको कार्यालय